**राजस्व न्यायाधिकरण काठमाडौं**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

**२०७३ सालको मुद्दा नं. ०७३-RB-०३८८**

**निर्णय नं. ३२**

**मुद्दाः- आयकर (२०७०/०७१) ।**

| | |
|---|---|
| श्री शिवशक्ति आयल एण्ड फ्याटस प्रा.लि. (स्थायी लेखा नं. ३००४९७७९७)का तर्फबाट अख्तियार प्राप्त अध्यक्ष/सञ्चालक सन्दीप कुमार अग्रवाल ........................................................................१ | पुनरावेदक |

<u>विरुद्ध</u>

| | |
|---|---|
| आन्तरिक राजस्व कार्यालय, सिमरा.....................................................१<br>श्रीमान महानिर्देशकज्यू, आन्तरिक राजस्व विभाग, काठमाण्डौ...................१ | प्रत्यर्थी |

सुरू निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, सिमरा
सुरु निर्णय गर्ने पदाधिकारीः प्रमुख कर अधिकृत श्री खेमनारायण रेग्मी
सुरू निर्णय मिति : २०७२/०६/२०

यसमा आन्तरिक राजस्व कार्यालय, सिमराको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पर्न आएको यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

<u>तथ्य खण्ड</u>

१. करदाता शिवशक्ति आयल एण्ड फयाटस प्रा.लि.(स्थाई लेखा नं.३००४९७७९७)ले आ.व. २०७०/०७१ को आय आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रु.३,५६,७००।२१ करयोग्य नोक्सानी कायम गरी आन्तरिक राजस्व कार्यालय सिमरामा, बारामा मिति २०७१/९/२४ मा आय विवरण पेश गरेको ।

२. उक्त आ.ब. को लागि आन्तरिक राजस्व कार्यालय सिमरा, बाराबाट कर परीक्षण हुँदा करदाताले पेश गरेको विवरणको अध्ययन छानविन तथा परीक्षण गर्दा करदाताले आ.ब.२०७०/०७१ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम सामावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाउने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित करयोग्य आय रु.४५,००,७०२/२०(अक्षरुपी पैंतालीसलाख सातसय दुई पैसा बीस मात्र) कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबूत प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिम आन्तरिक राजस्व कार्यालय, सिमराबाट करदाताको नाममा मिति २०७२/०५/२७ मा सूचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७२/०५/२७ मा जारी भएको सूचना करदाताले मिति २०७२/०६/१० मा सूचना बुझी लिएको ।

४. करदाताले मिति २०७२/०६/१० मा बुझी लिएको सूचनाको जवाफ बुँदागत रूपमा मिति २०७२/०६/१४ मा आन्तरिक राजस्व कार्यालय, सिमरामा जवाफ पेश गरेको ।

५. कार्यालयबाट मिति २०७२/०५/२५ मा यस आ.व. ०७०/०७१ का लागि जारी संशोधित कर निर्धारणको सूचनामा परिवर्तन वा संशोधन गर्नुपर्ने नदेखिएकोले कायम गरिएको रु. ४५,००,७०२/२० (अक्षरुपी पैंतालीसलाख सातसय दुई, पैसा बीस मात्र) नै आ.व. २०७०/०७१ को संशोधित करयोग्य आय कायम हुने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व कार्यालय सिमरा, बाराबाट मिति २०७२/०६/२० मा भएको निर्णय पर्चा।

६. आन्तरिक राजस्व कार्यालय, सिमराले मिति २०७२/०६/२० मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको अन्तिम कर निर्धारणको निर्णयमा चित्त नबुझी शिवशक्ति आयल एण्ड फ्याटस प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको पुनरावेदनपत्र साथ पेश गरेको उक्त निवेदनपत्रको प्रतिलिपिबाट देखिन्छ।

७. प्रत्यर्थीको सूचना, आदेश र प्रत्यर्थीबाट भएको निर्णयपर्चा समेतमा हाम्रो चित्त नबुझेको हुँदा प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजश्व विभाग काठमाण्डौमा निवेदन गरेकोमा ६० दिन भित्र विभागले निर्णय दिनुपर्नेमा निर्णयको सूचना हालसम्म प्राप्त हुन नआएकोले हुलाक मार्फत जानकारी पठाई विभागबाट निर्णय भएको मानी ऐनका म्याद भित्र पुनरावेदन गरेका छौ । पुनरावेदक प्रा.लि.को आ.व. ०७०/०७१ मा करयोग्य नोक्सानी रु.४२,८६,६३१/०३ कायम हुने व्यहोराको हामीले प्रत्यर्थी कार्यालयमा स्वंमकर विवरण दाखिला गरेका थियौ । आधुनिक लेखा प्रणाली अन्तर्गत नेपाल सरकारले तोकेको तरिकामा खाता वही विल भौचर रसिद राखी नेपाल सरकारद्वारा स्वीकृत लेखा परीक्षकबाट लेखा

परीक्षण गराई सोको आधारमा आर्थिक विवरण पेश गरी स्वंमकर घोषणा गरेका थियौ । व्यवसायसँग असम्बन्धित खर्च दावी गरेको होइन । भएका सम्पूर्ण खर्च व्यवसायसँग सम्बन्धित भएकोले कट्टी पाउनु पर्ने व्यहोरा अनुरोध छ। संसोधित कर निर्धारण आदेश सूचना अनुसारको करयोग्य नोक्सानी कायम गर्न मिल्दैन । हाम्रो आय विवरण, वासलात तथा नाफा नोक्सानीको  हिसाब लेखाबाट देखिएअनुरुप करयोग्य नोक्सानी कायम गर्नुपर्नेमा सो अनुसार नगरी स्वैच्छिक तथा आत्मनिष्ट किसिमले लेखा सिद्धान्त विपरीत हामीबाट पेश भएको स्वयंकर विवरण अनुसारको करयोग्य नोक्सानीलाई मान्यता नदिई सोमा कट्टी दिन नमिल्ने खर्च भनी आय तर्फ समावेश गरी करयोग्य आय कायम गर्ने गरी प्रत्यर्थीबाट भएको निर्णय र निर्धारण समेत त्रुटीपूर्ण छ । अतः विपक्षी विभागबाट भएको निर्णयपर्चा, कर निर्धारण आदेश तथा श्रीमान् महानिर्देशकज्यू, आन्तरिक राजस्व विभागबाट भएको निर्णय (मानी आएको) मा त्रुटी देखिएकोले सोलाई बदर गरी कर निर्धारण आदेशानुसारको कर, शुल्क, व्याज समेतको कुनै रकम तिर्न नपर्ने गरी फैसला गरी पाउँ भन्ने समेत व्यहोराको राजस्व न्यायाधिकरणमा दर्ता गरेको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी ऐन अ.वं. २०२ बमोजिम विशेष सरकारी वकिल कार्यालयलाई पेशीको जानकारी दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०२/०८ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

९. नियम अनुसार पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त शुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक करदाता  शिवशक्ति आयल एण्ड फ्याट्स प्रा.लि.का तर्फबाट रहनु भएका विद्वान अधिवक्ताद्वय श्री सीताराम अग्रवाल र श्री विकास अग्रवालले प्रा.लि.कै नामबाट व्यवसायिक प्रयोजनका लागि गरिएको खर्चलाई विल भरपाई नपुगेको, रीतपुर्वकको नभएको भनी कर लेखापरीक्षणको समयमा पेश गरेका कागजात प्रमाणहरुलाई अनदेखा गरी काल्पनिक अवस्था सिर्जना गरेर भएको कर निर्धारण निराधार रहेकाले बदरभागी छ भन्ने जिकीर प्रस्तुत गर्नुभयो। त्यसैगरी आवश्यक विल भरपाई संलग्न राखी लेखापरीक्षण गराएका रकमकलमहरुको सम्बन्धमा राखिएको लेखालाई अन्यथा नभनी कर परीक्षणका समयमा खर्च पुष्टी हुने प्रमाण संलग्न नभएको भनी आयमा समावेश गरेर कर निर्धारण गरेको आदेश मनोगत र कानून विपरीत भएकाले बदरभागी छ भन्ने जिकीर प्रस्तुत गर्नुभयो ।

११. प्रत्यर्थी आन्तरिक राजश्व कार्यालय सिमराका तर्फवाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौका विद्वान शाखा अधिकृत श्री अञ्चन भट्टराईले आवश्यक विल भरपाई संलग्न राखी लेखापरीक्षण गराएको भनिएका रकमकलमहरुको सम्बन्धमा कर परीक्षणका समयमा खर्च पुष्टी हुने प्रमाण संलग्न नभएको भनी प्रत्यर्थीबाट आयमा समावेश गरेर कर निर्धारण गरेको देखिँदा खर्च दावी गर्ने एवं प्रचलित कानूनमा उल्लेख भए बमोजिम स्वयंकर

निर्धारण गर्ने पक्षले कागज प्रमाण संलग्न राखी खर्चलाई पुष्टि गर्ने प्रमाणित आधार पुऱ्याउनुपर्नेमा सो दायित्व पुरा नगरी केवल आदेश मनोगत र कानून विपरीत भएकाले बदरभागी छ भन्ने जिकीर मात्र गर्नु स्वतः कानून विपरीतको मनसाय हुने देखिन्छ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

१२. उपरोक्तानुसार दुबै पक्षबाट प्रस्तुत भएको बहस सुनी पुनराबेदकले दाबी लिएको आ.ब. २०७०।०७१ को आयकरका सम्बन्धमा आन्तरिक राजश्व कार्यालय सिमराबाट मिति २०७२।०६।२० मा भएको निर्णय मिले नमिलेको के रहेछ ? पुनरवेदनपत्र एवम् पुनरावेदकका तर्फबाट रहनु भएका विद्वान अधिवक्ताले प्रस्तुत गर्नुभएको बहस जिकिर अनुसार शुरु कार्यालयको निर्णय उल्टी हुनुपर्ने हो होइन ? भन्ने सम्बन्धमा हेरी निर्णय दिनुपर्ने देखिएको प्रस्तुत मुद्दामा निर्णतर्फ विचार गर्दा निम्न अनुसार देखिन आयो ।

१३. **Conveyance Expenses** का सम्बन्धमा करदाताले कम्पनीको कारोवार सञ्चालानार्थ गरिएको खर्च हो भन्ने जिकीर लिएकोमा प्रत्यर्थीबाट खर्च लेजर संलग्न गरेको तथ्य उल्लेख गर्दै आवश्यक विल भरपाई नभएको भनी खर्च अमान्य गरेकोमा व्यवसायमा सानातिना खर्चहरु अनिवार्य हुने, लेजर खाताबही रहेको तथ्य पुष्टी भएकाले रकम रु.९,३२८।- आयमा समावेश गर्नेगरी भएको निर्णय मनासिव मान्न सकिएन ।

१४. **Loading Unloading** खर्च सम्बन्धमा करदाताले कम्पनीको कारोवार सञ्चालानार्थ गरिएको खर्च हो भन्ने जिकीर लिएकोमा प्रत्यर्थीबाट खर्च लेजर संलग्न गरेको तथ्य उल्लेख गर्दै आवश्यक विल भरपाई नभएको भनी खर्च अमान्य गरेकोमा मालसामान खरीद विक्रीको सिलसिलामा लोड अनलोड गर्नु अत्यावश्यक हुने र व्यवसायमा सानातिना खर्चहरु अनिवार्य हुने, लेजर खाताबही रहेको तथ्य समेत पुष्टी भएकाले रकम रु.१,४६,२७९।९८ आयमा समावेश गर्नेगरी भएको निर्णय मनासिव मान्न सकिएन ।

१५. भ्रमण खर्च सम्बन्धमा प्रत्यर्थीबाट भएको संशोधित कर निर्धारणमा रीतपूर्वकका प्रमाण नभएको भन्ने उल्लेख भएकोमा करदाताले लेखापरीक्षणको समयमा सवै प्रमाण कागजात संलग्न राखी परीक्षण गराएको भन्ने जिकीर लिएको तर्फ विचार गर्दा प्रत्यर्थीले प्रमाण नै नभएको भन्न नसकेको तर कुन कुन प्रकृतिका प्रमाण रीतपूर्वक हुन, कुन होईनन् भनी किटानी गर्न नसकेको अवस्थामा भ्रमण जस्तो कर्मचारीको सरसुविधा एवं व्यवसायिक प्रयोजनका लागि गरिएको खर्चलाई अमान्य गरी आयमा समावेश गर्नेगरी गरेको कर निर्धारण आदेश मनासिव मान्न सकिएन ।

१६. कर्मचारी कल्याण **(Staff Welfare)** वापत भएको खर्च दावी गरेकोमा कर्मचारी, कामदारको औषधि, चियानास्ता लगायतका खर्च भनिएकोमा त्यस्ता खर्चलाई पुष्टि गर्ने प्रमाण कागजात संलग्न नराखी रकम मात्र दावी लिएको देखिदा आयकर ऐन,२०५८ को दफा १३ बमोजिम खर्च कट्टी दावी पुष्टी नभएकोले खर्च कट्टी अमान्य गरेको कानूनसम्मत नै देखिन आयो ।

१७. आ.व. २०६२।०६३(७ वर्ष अघि) को नोक्सानी कायम गर्ने सम्बन्धमा विचार गर्दा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि विगत सात वर्षको कट्टी हुन नपाएको नोक्सानी आयकर ऐन,२०५८ को दफा २०(१)(ख) बमोजिम कट्टी गर्न पाउने प्रावधान रहेकोमा करदाताको आ.व.२०६०।०६१ देखि २०६७।०६८ सम्मको करयोग्य नोक्सानी करदाता स्वयंले कर निर्धारण गर्दा आ.व. २०६२।०६३ को सन्दर्भमा ७ वर्ष नाघी सकेको हुँदा सो आ.व.सम्मको नोक्सानी करदाता स्वयंले नै नोक्सानी दावी नगरी कर योग्य नोक्सानी कायम गर्नुपर्नेमा सो गरेको नदेखिएको भनी प्रत्यर्थीले आ.व.२०६२।०६३ को कायमी करयोग्य नोक्सानी रु.१,७५,५४८।४० आयमा समावेश गर्ने गरी भएको कर निर्धारण आदेश कानूनसम्मत नै देखिन आयो ।

१८. आ.व.२०६८।०६९ को बढी नोक्सानी दावी सम्बन्धमा आ.व.२०६८।०६९ को कर परीक्षण भै सो आ.व. का लागि नोक्सानी कायम भएकोमा करदाताले यस आ.व. मा कायम नोक्सानी भन्दा बढी नोक्सानी सारेको देखिएकोले आयकर ऐन,२०५८ को दफा २० बमोजिम बढी दावी गरेजति नोक्सानी अमान्य गरी आयमा समावेश गरेको भनिएकोमा निज करदाताको अघिल्लो आ.व.हरुको कर निर्धारण उपर पुनरावेदनको फैसला र यसै फैसला अनुसार प्रत्यर्थी कार्यालयले पुनरावेदक करदाताको हिसाब समायोजन गर्दा करयोग्य आय वा नोक्सानी एकिन हुने भएकाले थप विवेचना गरिरहन पर्ने देखिएन ।

१९. अतः माथि विवेचित आधारमा स्थायी लेखा नं ३००४९७७९७ भएका पुनरावेदक शिवशक्ति आयल एण्ड फ्याट्स प्रा.लि. को आ.व.२०७०।०७१ को आयकर निर्धारणका सम्बन्धमा शुरू आन्तरिक राजश्व कार्यालय, सिमराको मिति २०७२।०६।२० को निर्णयमा **Conveyance Expenses, Loading and Unloading charge** र भ्रमण खर्च कट्टी दावी अमान्य गरेको निर्णय सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसीलबमोजिम गर्नू ।

## <u>तपसील</u>

करदाता शिवशक्ति आयल एण्ड फ्याट्स प्रा.लि. को आ.व.२०७०।०७१ को आयकर निर्धारणका सम्बन्धमा शुरू आन्तरिक राजश्व कार्यालय, सिमराले मिति २०७२।०६।२० मा गरेको निर्णयमा **Conveyance Expenses, Loading and Unloading charge** र भ्रमण खर्च कट्टी दावी अमान्य गरेको निर्णय सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहरेकोले पुनरावेदकले पुनरावेदन गर्दा धरौटी राखेको रकमबाट एकिन हिसाब गरी पुनरावेदक करदातालाई फिर्ता दिनु वा अर्को वर्षको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू ..........................................................................१

फैसलाको प्रतिलिपी विशेष सरकारी वकील कार्यालयलाई दिनू......................................२

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू...................................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.............................................................................४

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा सहमत छौं ।

जीवन कुमार घिमिरे (राजस्व सदस्य)

किशोर सिलवाल (अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री रवि न्यौपाने

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७५ साल कार्तिक १४ गतेरोज ४ शुभम.......................................